# सूचना

यस विभागबाट बडादशैं, तिहार र छठ पर्वमा काठमाण्डौ उपत्यकाबाट बाहिर जाने र बाहिरका जिल्लाहरुबाट काठमाण्डौ उपत्यकामा प्रवेश गर्ने यात्रुहरुको यात्रालाई सहज र सुरक्षित बनाउने सम्बन्धमा सर्वसाधारणको जानकारीका लागि जारी गरिएको सुचनाको **बुँदा नम्बर ८ र ९** को हकमा मिति २०८०/०६/२३ गते बसेको बैठकको निर्णयबाट देहाय वमोजिम हुने व्यहोरा जानकारीका लागि सबै सरोकारवालाहरुसँग यातायात व्यवस्था विभाग अनुरोध एवं अपेक्षा गर्दछ।

१. मिति २०८०/०६/१९ गते बसेको बैठकबाट यातायात आवागमन सहज बनाउन खाद्यान्न लगायतका अत्यावश्यक वस्तुहरुको ढुवानी गर्ने बाहेकका ट्रेलर लगायतका ठूला सवारी साधनहरु २०८० साल असोज २८ गतेदेखि कार्तिक ०८ गतेसम्म नारायणगढ देखि काठमाडौसम्म सञ्चालन गर्न रोक लगाउने निर्णय गरोकोमा यात्रुलाई आवतजावत गर्न सहज गर्ने उद्देश्यले उक्त सडक खण्डमा उल्लेखित सवारीहरु २०८० साल असोज २६ गतेदेखि कार्तिक ०८ गतेसम्म उपत्यकामा प्रवेश गर्न प्रवेश विन्दुमा रोक लगाउने ।

२. मिति २०८०/०६/१९ गते बसेको बैठकबाट यात्रुवाहक सवारी साधनलाई घटस्थापनादेखि पूर्णिमासम्म नेपालभर लागू हुने गरी रुट परमिट खुला गर्ने निर्णय गरिएकोमा मिति २०८० साल असोज २६ गतेदेखि पूर्णिमासम्म नेपालभर लागू हुने गरी रुट परमिट खुला गर्ने । तर कुनै बाटोको विशेष प्रकृतिका कारण सो बाटोमा चल्न निषेध गरिएका आकार-प्रकारका सार्वजनिक सवारीहरुलाई भने सो बन्देज कायमै रहने ।

ईश्वरी दत्त पनेरु
(निर्देशक/ प्रवक्ता)
यातायात व्यवस्था विभाग

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाण्डौ